# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ७ गते २०१३ साल

### अर्थमन्त्रालयको सूचना

४।१४।१२८२।२०१३

०१३।११।१२

१. विराट्नगरमा नेपालराष्ट्र बैंकको शाखा खुल्ने भएको हुनाले सरकारको ०१३।१०।११ गतेका निर्णय अनुसार विराट्नगर जिल्लामा रहेका सरकारी अड्डाखाना र गैर सरकारी संस्था लगायत गैरहले सरकारी रकम सम्बन्धी विराट्नगर माल तीन साँचा वा नेपाल बैंक, विराट्नगर शाखामा दाखिल गरी आएकोमा अब नेपालराष्ट्र बैंकको शाखा विराट्नगरमा पनि खुल्ने खडा हुने भएकोले विराट्नगर जिल्लामा नेपालराष्ट्र बैंकको शाखा खुले खडा भएको मितिदेखि उप्रान्त विराट्नगर माल तीन साँचा दाखिल गर्नु वा नेपाल बैंक विराट्नगर शाखामा जम्मा गर्नु को सट्टा नेपाल राष्ट्र बैंकको विराट्नगर शाखामा दाखिल गर्नै र बुझ्ने अड्डाहरूले पनि सो बमोजिम दाखिल भएको रसीद भिडाई माल तीन साँचा दाखिल गरे सरह मिन्हा मोजरा दिने गर्नु गराउनु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८६

२ रकम रकमका आम्दानी लेखिए बमोजिम नेपाल राष्ट्र बैंकको वि-
राटनगर शाखामा दाखिल गर्न पठाउँदा रकम रकमको छुट्टै चलानीहरू
भरी चारप्रति चलानी गरी पठाउने र नेपालराष्ट्र बैंकका विराटनगर शा-
खाले चारै प्रतिमा मनेजर, क्यासियर र एकाउन्टेन्ट वा सब एकाउन्टेन्टको
सही र नेपालराष्ट्र बैंक विराटनगर शाखाको छाप लगाई १ नम्बर र ४नम्बर
आफू कहां राखि त्यस मध्ये ४ नम्बर प्रति स्टेटमेन्टका साथ विराटनगर गोस्वा-
राको एकाउन्टेन्ट फांटमा पठाउने र १ नम्बर हिसाबको निमित्त आफू कहां राखी
२ नं. र ३ नं. रुपैयां दाखिल गर्न ल्याउनेलाई दिनेछन् सो २ नं. र ३ नं.
चलानीमा २ नम्बर १ प्रतिबहि बुझाउने कामको लागि आफू कहां राखी
बांकी ३ नम्बरको १ प्रति विराटनगर गोश्वारामा सकभर उसदिन नभ्याएमा
भोलि पल्ट सम्म पठाउने गर्नु र रकम रकमको आम्दानी दाखिल गर्न
पठाउँदा चलानीको पटीमा यस किसिमबाट आम्दानी हुन आएको भनी
[आवश्यको] चलन भएकोले आवश्यं बमोजिम र नहुनेहरूले यथासम्भव
कच्चा खोलि पठाउने गर्नु गराउनु ।

३. सो चलानी फाराम मो.रु. र भा.रु.को लागि छुट्टा छुट्टै छपाई नेपाल
राष्ट्र बैंक विराटनगर शाखाबाट वितरण हुने छ । सम्बन्धित अड्डाहरूले चाहिए
बमोजिमको फाराम नेपालराष्ट्र बैंक विराटनगर शाखाबाट लिई झिकाई
काम चलाउने गर्नु ।

४. अड्डाहरूलाई साल बसाली वा पटके खर्चको रुपमा जिम्मावारी जाने
रकमहरू चेकद्वारा मिल्ने हुंदा अड्डाहरूले पनि चेक पाएपछि सो चेकबाट
आफ्ना अड्डाको नाउंमा नेपाल राष्ट्र बैंकमा खाता खोलि यथासम्भव नगद
झिकी ल्याई आफ्नो तहबीलमा नराखी चेकैद्वारा खर्च गर्ने गर्नु ।

५. माथि ४ दफा बमोजिम् विभिन्न अड्डाहरूले खाता खोल्दा हाकिम
र हाकिम देखि मुनिको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट अपरेट
गर्ने गरी खाता खोल्नु खाता खोल्ने दरखास्त फाराम बैंकबाट पाइने छ।
सो फाराममा लेखिए बमोजिमको समर्थन गर्ने काम मालको बडा हाकिमले
र अरू सबैको मालका हाकिमले गर्ने गर्नु ।

६. उक्त बैंकबाट रोज रोज जहां जहांबाट जे जति रुपैयां दाखिल
हुन आएको छ । रकम रकमको पृथक पृथक् देखिनेगरी सकभर
उसै दिनमा र नसकेमा भोलि पल्ट सम्ममा गोश्वारामा ४ नं. को चलानी
साथ स्टेटमेन्ट दाखिल गरी सक्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

७. मौज्दात दाखिल गर्न म्यादका हकमा असूल तहसिल आम्दानी भएको रुपियाँ बात समयमा वा यति पुगेपछि मालमा दाखिल गर्नु भन्ने भई रहेकोमा सोही बमोजिम माथि २ दफा बमोजिम रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको बिराटनगर शाखामा दाखिल गर्नु पर्छ। मालका मौज्दातका हकमा सकभर भोलि पल्टै र नभए ३ दिन भित्र सो बिराटनगर शाखामा दाखिल गरी सक्नु पर्छ।

आज्ञाले:—
नीरराज
सेक्रेटरी-अर्थमन्त्रालय,

## अर्थमन्त्रालयको सूचना।

३।१२।१३९१।०१३ ०१३।११।४।६

अड्डाखानाहरूबाट रकम रकमको आम्दानी नेपाल राष्ट्रबैंकमा दाखिल गर्न पठाउँदा रकम रकमको छुट्टा छुट्टै चलानी गरी तिनप्रति चलानी भरी पठाउने र बैंकले १ प्रति आफ्नो हिसाबको निमित्त आफू कहां राखि २ प्रति दाखिल गर्न ल्याउनेलाई फिर्ता दिने छ सो २ प्रति मध्ये १ प्रति रसीद बुझाउने कामको लागि आफू कहां राखि १ प्रति अर्थमन्त्रालयमा पठाउने गर्नु भन्ने ०१३।१।१२ गतेका गजेट ४ भाग अतिरिक्ताङ्क १ मा सूचना प्रकाश भएकोमा अब उप्रान्त अड्डाखानाहरूबाट रकम रकमको आम्दानी नेपाल राष्ट्रबैंकमा दाखिल गर्न पठाउंदा रकम रकमको छुट्टा छुट्टै चलानी गरी ४ प्रति चलानी भरी पठाउने र नेपाल राष्ट्रबैंकले चारै प्रतिमा सम्बन्धित अफिसरको सही र छाप लगाई १ नम्बर र ४ नम्बर प्रति आफू कहाँ राखि त्यस मध्ये ४ नम्बर प्रति स्टेटमेन्टको साथ अर्थमन्त्रालयमा पठाउने र १ नम्बर हिसाबको निमित्त आफू कहां राखि २ नं. र ३ नं. रुपैयां दाखिल गर्न ल्याउनेलाई दिने छन् सो २ नं र ३ नं चलानिमा २ नम्बर १ प्रति रसीद बुझाउने कामको लागि आफू कहां राखी बांकी ३ नम्बरको १ प्रति अर्थमन्त्रालयमा सकभर बैंक दाखिल गरेको दिनमा र सो दिनमा नभ्यायमा तेसको भोलि पल्ट सम्ममा दाखिल गराउने सरकारबाट निर्णय भै आएको हुनाले २०१३ साल चैत्र १ गतेदेखि अब उप्रान्त अड्डाखानाबाट रकम रकमको आम्दानी नेपाल राष्ट्रबैंक दाखिल गर्न पठाउंदा ४ चार प्रति चलानी भरी पठाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र सो ४ प्रतिमा लेखिएको नम्बर नम्बरको प्रति लेखिए बमोजिम आफू कहां राख्नपर्ने आफू कहां राखी दाखिल गर्नु पर्ने प्रति म्याद भित्रैमा दाखिल गर्नै गर्नू ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय

## अर्थ (आय) मन्त्रालयका सूचना

घ १६५६३ — १४।१०।०१३

२०१३ साल कार्तिक १३ गतेको नेपाल गजेट संख्या २६ को भाग ४ मा प्रकाशित अर्थ (आय) मन्त्रालयको सूचनामा नेपाल भारत वाणिज्य सन्धि अन्तर्गत खुलेको भंसारहरूबाट पैठारी हुनेमा भारतीय केन्द्रीय अन्तःशुल्क लाग्नेसबै वस्तु र. आर. १ फारामद्वारा गर्नु पर्दछ। सो बमोजिम नगरी पैठारी गरेमा त्यस्ता मालको दरबन्दी बमोजिमको महसूलको दोबर महसूल र सैकडा १० दश सर्चार्ज समेत लाग्ने छ भन्ने नियम भएकामा देहाय बमोजिमको स्पष्टीकरण सर्वसाधारणका सूचनाका लागी प्रकाशित गरिएको छ :—

[१] नेपाल भारत वाणिज्य सन्धि अन्तर्गत खुलेका भंसार भन्नाले विराटनगर भन्सार, महोत्तरी भन्सार, वीरगञ्ज भन्सार, भैरहवा भन्सार, नेपालगञ्ज भन्सार र काठमाडौं भन्सार गोस्वारालाई जनाउँदछ।

[२] २०१३ साल कार्तिक १३ गतेको नेपाल गजेटमा प्रकाशित नियम दफा १ मा लेखिएका मूल भन्सार तथा ती मूल भन्सार मातहतका छोटी भन्सारहरूमा समेत लागू हुनेछ।

[३] भारतमा केन्द्रीय अन्तःशुल्क लागेका वस्तुहरूको सूचि ज्येष्ठ २७ गते २०११ सालको नेपाल गजेटको अतिरिक्तांकमा प्रकाशित भएकोमा हाल गर्नु पर्ने संशोधन समेत गरी तपसीलमा प्रकाशित गरिएको छ।

आज्ञाले,
नीरराज,
सेक्रेटरी—अर्थ आयमन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

200